# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७५।०७।०८ गते

# प्रेस विज्ञप्ति

**विषय: आरोप-पत्र दायर गरिएको।**

-----------------------------------------------

जिल्ला काठमाडौं, नागार्जुन नगरपालिका -१ रानिबन स्थित श्री बाल बिकास माध्यमिक बिद्यालयका प्रधानाध्यापक मैयादेवी मल्लले २०७४ भाद्र महिना देखि माघ महिनासम्म करिव छ महिना बिदा स्विकृत नगराई क्यानडामा बसेको र नेपाल फर्केपछी उक्त अवधिको सम्पूर्ण हाजिर एकैपटक गरी तलब बुझि लिएको हुँदा छानविन गरी आवश्यक कारवाही गरिपाउँ भन्ने व्यहोराको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा निज मैयादेवि मल्लले बिद्यालय ब्यवस्थापन समितिबाट गैरकानुनी रूपमा तलबी बिदा स्वीकृत गराई बिदा बसी गैह्र हाजिर भई नेपाल फर्केपछि निजले बिदामा बसेको अवधि २०७४ भाद्र २३ गते देखी ऐ.माघ मसान्त सम्मको सम्पूर्ण हाजिर एकैपटक गरी उक्त अवधिको तलव, भत्ता, दसैंखर्च, सञ्चयकोष थप रकम बिमा थप रकम र प्रधानाध्यापक भत्ता समेत गरी जम्मा रु.१,६२,७५३।८२(एक लाख बैसठ्ठी हजार सात सय त्रिपन्न रुपैंया बयासी पैसा) बुझिलिएको देखिन आई निजले सरकारी सम्पत्तीको बदनियतसाथ हिनामिना गरी आफुलाई लाभ र नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याइ भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिमको कसुर गरेको पुष्टी हुन आएको हुँदा निजलाई बिगो रु.१,६२,७५३।८२(एक लाख बैसठ्ठी हजार सात सय त्रिपन्न रुपैंया बयासी पैसा) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम जरिवाना र कैद सजाय हुन र निजले हिनामिना गरेको बिगो रु.१,६२,७५३।८२(एक लाख बैसठ्ठी हजार सात सय त्रिपन्न रुपैंया बयासी पैसा) सोही ऐनको दफा १७ बमोजिम निजबाट असुलउपर हुन साथै आफ्नो क्षेत्राधिकार भन्दा बाहिर गई कानुन बिपरित तलवी बिदा स्विकृत गरी निज मैयादेबी मल्ललाई कसुर गर्न प्रत्यक्ष रुपमा सहयोग गरी मतियारको भूमिका खेल्ने बिद्यालय ब्यवस्थापन समितिका अध्यक्ष हरीकृष्ण लामा, सदस्यहरु नानीमैया लामा, बिना श्रेष्ठ, लबेन्द्र बहादुर शाही, मनोज लामा, शिक्षक प्रतिनिधी जितेन्द्र लामा र लेखापाल विपल लामालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को आधारमा सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम हुने सजाय अनुसार सोही ऐनको दफा २२ बमोजिम सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता